बैठक संख्याः ६०　　　　मितिः २०८२।१२।१७　　　　समयः बिहान ११:०० बजे

आज मिति २०८२।१२।१७ गते गुराँस गाउँपालिका दैलेखको ६० औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | – गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | – गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | – वडा अध्यक्ष वडा नं. १ |
| श्री शेर बहादुर रावल | – वडा अध्यक्ष वडा नं. २ |
| श्री काँशीराम शर्मा | – वडा अध्यक्ष वडा नं. ३ |
| श्री खड्क बहादुर शाही | – वडा अध्यक्ष वडा नं. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | – वडा अध्यक्ष वडा नं. ५ |
| श्री चन्द्र बहादुर राना | – वडा अध्यक्ष वडा नं. ६ |
| श्री नन्द बहादुर वि.सी. | – वडा अध्यक्ष वडा.नं. ७ |
| श्री दिपेन्द्र वली | – वडा अध्यक्ष वडा नं. ८ |
| श्री अमृता कुमारी वि.सी. | – कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | – कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | – कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | – कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | – कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | – कार्यपालिका सदस्य |
| श्री डिनायट घर्ती | – प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित कर्मचारी

| | | |
|---|---|---|
| १. | मदन प्रकाश मल्ल | शाखा अधिकृत |
| २. | पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ३. | खगिसरा वि.क. | कार्यालय सहयोगी |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२. LGPAS को एकीकृत प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।

३. उपभोक्ता समितिबाट योजना कार्यान्वयन सम्बन्धमा।

४. सुरक्षित नागरिक आवास कार्यक्रमको थप लाभग्राही छनौट सम्बन्धमा।

५. सम्झौता तथा सहमतिको अनुमोदन सम्बन्धमा।

६. विद्यालय जग्गा खरिदको लागि अनुमति सम्बन्धमा।

७. विद्युत मिटर खरिद सम्बन्धमा।

८. हेल्भटाससँग साझेदारी योजना छनौंट सम्बन्धमा।

९. एक पालिका एक चिस्यान केन्द्र र कृषि हाट बजार संचालन सम्बन्धी प्रस्ताव सम्वन्धमा।

१०. विद्यालय रंगरोगन सम्बन्धमा।

११. विविध।

क) स्थानीय उद्योग समितिको निर्णय अनुमोदन।

ख) बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा।

ग) गुराँस वहुउद्देश्यीय पोषण उद्योग कार्यक्रम कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धमा।

घ) सामुदायिक प्रशिक्षकहरुको तलबभत्ता सम्बन्धमा।

ङ) सडक कार्यदलको रकम भुक्तानी सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १**

अघिल्लो बैठकका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयन भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु आवश्यक समन्वय गरी यथाशिघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २**

स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सम्पर्क शाखाबाट प्राप्त एकीकृत प्रारम्भिक प्रतिवेदन (प्राप्ताङ्क ८५.६) उपर स्व:मूल्यांकन समन्वय समितिको बैठकमा छलफल गराई आवश्यक संशोधन सहित यस बैठकमा पेश भएको प्रारम्भिक नतिजालाई आवश्यक संशोधन गरी प्रमुख प्रशासकीय अधिकृतमार्फत पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित
२०८२।१२।१६

टोप बहादुर बि.सी.
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट कार्यान्वयनको सम्बन्धमा आर्थिक वर्षको अन्तिम चरण रहेको हुँदा नयाँ योजना कार्यान्वयनको लागि ठेक्का मार्फत कार्यान्वयन गर्दा समय अभाव हुँने हुँदा आवश्यकताअनुसार उपभोक्ता समिति तथा सम्बन्धित क्षेत्रको समिति मार्फत गर्ने।

**निर्णय नं. ४**

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत बाँकी रकमको लागि वडाको सिफिरस तथा लाभग्राहीको आर्थिक अवस्थाका आधारमा देहाय बमोजिम लाभग्राही छनौट गर्ने।

| क्र.सं. | लाभग्राहीको नाम थर | बुवा/पतिको नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | जसीराम वि.क. | गंगे कामी -बुवा | वडा नं. १ | |
| २. | शान्ती कुमारी गुरुङ्ग | दिपक कुमार गुरुङ्ग- पति | वडा नं. ४ | |

**निर्णय नं. ५**

अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतवाट हेल्भटास नेपालसंग एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमको कार्यान्वयनका लागि भएको समझदारी/सम्झौता पत्र, गुराँस गाउँपालिका वडा नं. ८ लाई सफा तथा स्वच्छ क्षेत्र घोषणा गरी पूर्ण सरसफाई तर्फ उन्मुख गराउने कार्यका लागि भएको सम्झौता तथा समझदारीको अनुमोदन गरी कार्यान्वयनमा लैजाने।

**निर्णय नं. ६**

श्री भैरव प्राथमिक विद्यालय रानीबन, सेरीवाडा दैलेखको प.सं. ०८२।८३, चं.नं. २५, मिति २०८२।११।१० तथा गुराँस गाउँपालिका, वडा नं. २ को कार्यालयको चं. नं. ३६६, मिति २०८२।११।१० गतेको पत्रानुसार श्री भैरव प्राथमिक विद्यालय सेरीवाडा, दैलेखले विद्यालय भवन निर्माण प्रयोजनको लागि प्रथम पटक मिति २०८२।१०।१५ गते १५ दिन र दोस्रो पटक मिति २०८२।११।०१ गते ७ दिनको निःशुल्क जग्गा उपलब्ध गराउने सूचनाअनुसार जग्गा प्राप्त नभएको हुँदा उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२।११।१० गतेको निर्णय समेतका आधारमा विद्यालय भवन निर्माण प्रयोजनका लागि जग्गा खरिद गर्दे भनी निर्णय भएअनुसार विद्यालयको पत्र तथा वडाको सिफारिसका आधारमा विद्यालय भवन निर्माण तथा जग्गा खरिदको लागि सम्पूर्ण आर्थिक दायित्व विद्यालय व्यवस्थापन समितिमा रहने गरी जग्गा खरिदको अनुमति दिने।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. ७**

सामुदायिक विद्युतिकरण अन्तर्ग नयाँ मिटर जडान गर्नको लागि *सामुदायकि विद्युत व्यवस्थापन TOD मिटर महशुल समेत* शिर्षकबाट यथाशिघ्र विद्युत मिटर खरिद गर्ने।

**निर्णय नं. ८**

आ.व. ०८३।०८४ मा हेल्भटास नेपालसँग साझेदारीमा सञ्चालन हुने योजनाको लागि देहाय बमोजिम योजना छनौट गर्ने।

| क्र.सं. | योजनाको नाम | वडा नं. | प्राथमिकिकरण | कैफियत |
|---|---|---|---|---|
| १. | पाल्बे खानेपानी योजना | ८ | १ | |
| २. | उल्लेरी सिमेसाल खानेपानी | १ | २ | |
| ३. | निगालपानी काफलमेला खानेपानी | ५ | ३ | |
| ४. | वडा कार्यालय पुरैनी खानेपानी योजना | २ | ४ | |
| ५. | सानावल बडाँवल जोरेबाँझ खानेपानी | ६ | ५ | |
| ६. | भालु दुला तुसारे खोला लिफ्टिङ खानेपानी | ७ | ६ | |
| ७. | दमार खानेपानी योजना | ३ | ७ | |
| ८. | मिर्मिके निगालपानी भित्री खोला खानेपानी योजना | ४ | ८ | |

**निर्णय नं. ९**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३३० र ३३१ मिति २०८२।१२।१७ गतेको पत्रानुसार चिस्यान केन्द्र र कृषि हाट बजार संचालनको आवश्यकता रहेनरहेको सम्बन्धमा विवरण माग भएको हुँदा यस गाउँपालिकामा एक पालिका एक चिस्यान केन्द्र कार्यक्रम-१ वटा र कृषि हाट बजार संचालन-२ वटा अति आवश्यक रहेको देखिएको हुँदा विवरण सहित कार्यक्रमको लागि पत्राचार गर्ने।

टोप बहादुर बि.सी.
अध्यक्ष

2082/12/16
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १०**

आ.व. २०८२।८३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको विद्यालय रंगरोगन तथा तारजाली शिर्षकको रकम देहाय बमोजिमको विद्यालयमा विनियोजन गरी कार्यान्वयन गर्ने।

**देहाय**

| क्र.सं. | विद्यालय तह कक्षा | विद्यालय संख्या | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १-३ | ९ | ४०,००० | ३,६०,००० | |
| २ | १-५ | १७ | ६०,००० | १०,२०,००० | |
| ३ | १-८ | ६ | ८०,००० | ४,८०,००० | |
| ४ | १-१० | ५ | १,००,००० | ५,००,००० | +२०,०००/- |
| ५ | १-१२ | ८ | १,४०,००० | ११,२०,००० | -२०,०००/- |
| जम्मा | | ४५ | | ३४,८०,००० | |

**निर्णय नं. ११ विविध।**

(क) गाउँ उद्यम समितिको मिति २०८२ चैत्र ९ गतेको बैठकको निर्णय अनुमोदन गरी कार्यान्वयनमा लग्ने।

(ख) बाल अधिकार सम्वन्धी ऐन २०७५ तथा गुराँस गाउँपालिकाको बालबालिका सम्बन्धी कार्यविधि, २०७७ प्रत्येक स्थानीय तहले बाल अधिकारको संरक्षण, संवर्द्धन र बालबालिकाको हितका लागि एक बाल कल्याण अधिकारी तोक्नुपर्ने व्यवस्था भएबमोजिम हाललाई अर्को व्यवस्था नभए सम्मका लागि उपयुक्त कर्मचारीलाई स्थानीय बाल कल्याण अधिकारी तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने।

ग) गुराँस गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पोषण अवस्था सुधार, खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता, स्थानीय कृषि उत्पादन तथा प्रशोधन प्रर्वद्धन र दिगो जीविको पार्जनमा टेवा पुऱ्याउने उद्देश्यले गुराँस बहुउद्देश्यीय पोषण उद्योग कार्यक्रम कार्यविधि, २०८२ स्वीकृत गर्ने।

टोप बहादुर बि.सी.
अध्यक्ष

२०८२/१२/१६
... घर्ती
... प्रशासकीय अधिकृत

(घ) कार्यपालिकाको ५७ औं वैठकमा गुराँस गाउँपालिका दैलेख र सहकर्मी समाज नेपाल, बिच मिति २०८२।०२।०५ गते गुराँस गाउँपालिकाका आठ वटा वडामा स्थानीय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तिकरण कार्यक्रम सञ्चालन गर्नका लागि भएको सम्झौता बमोजिम ८ जना सामुदायिक प्रशिक्षकहरुका लागि मिति २०८२ माघ मसान्त सम्मको सहकर्मी समाजले दिएको नियुक्ति तथा उनिहरुको कार्यसम्पादनका समेतका आधारमा हुने आर्थिक सेवा सुविधा सम्बन्धित सामुदायिक प्रशिक्षकहरुलाई बजेट शिर्षक ***विकास साझेदार संस्था सँग साझेदारी*** अन्तर्गतको शिर्षकवाट भुक्तानी दिई फाल्गुन महिना देखि सामुदायिक प्रशिक्षकहरुले गर्ने कार्य गाउँपालिकाका कर्मचारीहरुलाई थप जिम्मेवारी दिई कार्य गर्ने/गराउने भन्ने निर्णय भएकोमा गाउँ सभाको १७ औं अधिवेशनबाट उक्त शिर्षकवाट रकमान्तरण गरी **टोल विकास संस्था प्रशिक्षक सेवा सुविधा तथा तालिम खर्च सहकर्मी समाज साझेदारी** शिर्षक कायम गरिएको हुँदा उक्त शिर्षकबाट सामुदायिक प्रशिक्षकहरुलाई तलब भत्ता तथा तालिम खर्च भुक्तानी दिने।

(ङ) कार्यपालिकाको ५४ औं वैठकमा वर्षादको समय (साउन, भदौं र असोज महिना) मा पालिका भित्रका सडकहरु बारम्बार विग्रने, भत्कने हुँदा उक्त सडकहरुको मर्मत सम्भारका लागि वडा कार्यालयबाट सडक सुरक्षा कार्यदल छनौट गरी काममा लगाई पारिश्रमिक भुक्तानीका लागि पालिकामा प्राप्त फाइलहरुका सम्वन्धमा विनियोजित बजेट शिर्षक ***हामी बनाउँछौं हाम्रो सडक*** बाट भुक्तानी दिने निर्णय भएकोमा गाउँ सभाको १७ औं अधिवेशनवाट उक्त शिर्षकबाट रकमान्तरण गरी **सडक मर्मत सम्भार कार्यदलको ज्याला** शिर्षक कायम गरिएको हुँदा उक्त शिर्षकबाट सडक कार्यदलको रकम भुक्तानी दिने।

गाउँ कार्यपालिकाको
निर्णय प्रमाणित
2082/2/16

टोप बहादुर बि.सी.
अध्यक्ष

डिलायट घर्ती
प्रमुख प्रशासकीय अधिकृत